ग्रामीण सामुदायिक संस्था बिकास
चापागाउ, ललितपुर

# Rural Institution for community Development (RICOD)

# बाल संरक्षण सम्बन्धि नीति
२०६३
पहिलो संसोधन २०६८

# ग्रामीण सामुदायिक संस्था विकास (रिकोड)
# बाल संरक्षण नीति २०६३
# पहिलो संसोधन २०६८

## १.पृष्ठभुमि

रिकोडको परिकल्पना तथा सामाजिक न्यायको प्रत्याभूति भएको सभ्य समाजको परिकल्पना गर्दै, बालअधिकारको प्रवर्धनका लागि भएका अन्तराष्ट्रिय एवं राष्ट्रिय प्रयत्नहरुको सम्मान गर्दै, सन १९८९ नेभेम्बर २० मा, संयुक्त राष्ट्र संघले पारित गरेको बाल अधिकार सम्बन्धि महासन्धि लाई नेपाल सरकारले सन १९९० सेप्टेम्बर २० मा अनुमोदन गरिसकेका, नेपालको सम्बैधानिक व्यवस्था, बालबालिका सम्बन्धि ऐन २०४८, बालबालिका सम्बन्धी नियमावली २०५१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ मा भएका बाल अधिकार प्रवर्धन सम्बन्धि व्यवस्थाहरुको पालना र कार्यान्वयनमा प्रतिवद्धता जनाउदै, बालबालिकाको उच्चतम हित हुने गरी बाल बालिकाको संरक्षकका जिम्मेवारी महसुस गरी, बाल बालिका अधिकार संरक्षण लाई प्राथमिकता दिएर यस सस्था द्धारा सञ्चालित गतिविधिहरुमा बाल बालिकाको सहभागिता तथा तिनीहरुको संरक्षणलाई सुनिस्चित गर्न रिकोडको बाल संरक्षण नीति प्रारम्भ गरिएको छ । यसले **बाल संरक्षण सम्बन्धि बनेका ऐच्छिक प्रोटोकल** तथा संयुक्त राष्ट्र संघीय महासचिवको २००३ को **यौन शोषण र यौन दुर्व्यवहारबाट बाल संरक्षणका लागि विशेष उपाय** सम्बन्धि गरेको व्यवस्थालाई समेत पालना गरिने कुराको सुनिश्चिता गर्दछ ।

## २. संक्षिप्त नाम र प्रारम्भः

२.१ यस निर्देशिकाको नाम रिकोडको ***वाल संरक्षण नीति २०६३*** रहनेछ ।

२.२ कार्य समितिले पारित गरेको मिति देखि यो नीति लागु गरिनेछ, यद्यपि यसलाई नियमित साधारण सभाबाट पारित गराइनु पर्नेछ ।

**३. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

३.१ कार्य समिति : भन्नाले यस संस्थाको कार्य कारणी समितिलाई बुझाउने छ ।

३.२ बाल संरक्षण नीतिः भन्नाले रिकोडको बाल संरक्षण नीति २०६३ लाई बुझाउने छ ।

३.३ बाल संरक्षणः भन्नाले सस्थाका सदस्य, पदाधिकारी, कर्मचारी, कन्सल्टेन्ट, सल्लाहकार तथा साझेदार सस्थाले, व्यक्तीगत जीवन तथा सस्थाका गतिविधिसंग सम्बन्धित कामको सीलसिलामा सम्लग्न बाल बालिकालाई हेला, अपमान, तिरस्कार, दुर्व्यवहार, शारीरिक तथा आर्थिक शोषण जस्ता बाल अधिकार हनन हुने अवस्थाबाट, १८ बर्ष मुनिका बाल बालिकाको संरक्षण गर्नु वा जोगाउनु भन्ने बुझिन्छ ।

३.४ बाल अधिकार संरक्षणः भन्नाले बाल बालिका सम्बन्धि महासन्धिमा पारित भएका तथा ऐच्छिक प्रोटोकलमा तोकिएका बाल अधिकारहरुको संरक्षण भन्ने बुझिन्छ ।

## ४.उद्देश्यः

४.१ रिकोड सस्थाका पदाधिकारी, साधारण सदस्य, कन्सल्टेन्ट, सल्लाहकार, साझेदार सस्था तथा कर्मचारीहरुले सस्थागत गतिविधि सञ्चालनको सीलसिलामा र व्यक्तीगत जीवन

व्यवस्थापनमा समेत बाल अधिकार संरक्षण प्रति सचेत भई बाल संरक्षण नीतिलाई अवलम्बन गर्न सक्षम भएको सुनिस्चित गर्ने ।

४.२ बाल अधिकार सम्बन्धि महासन्धिमा भएका व्यवस्थाहरु तथा राष्ट्रिय नीतिमा भएका प्रावधानहरुका बारेमा प्रचार प्रसार गर्ने ।

**५.बाल संरक्षणणका लागि सस्थाले जारी गरेको बाल संरक्षण आचार संहिता** तपसिल बमोजिम हुनेछन् ।

५.१ बालबालिकाहरुको उच्चतम हितलाई ख्याल गर्दै उनीहरुका लागि जोखीम मुक्त हुने गरि, पहुचयुक्त कार्य स्थान छनौट, ब्यवस्थापन तथा कार्यान्वयन भएको एकिन गरिने छ ।

५.२ बालबालिकाहरु त्यसमा पनि विशेष आवश्यकता भएका बाल बालिका जस्तै अपांगता भएका बालबालिकाहरुलाई असहज वा खतरा हुने परिस्थिति प्रति समयमै सचेत रहने तथा सो को प्रतिरोध गर्ने तथा आवश्यक ब्यवस्थापनका लागि पुर्व तयारीका व्यवस्थापकिय पक्षहरुको सुनिस्चितता गरिने छ ।

५.३ व्यक्तीगत तथा सस्थागत कार्यहरु सञ्चालन गर्ने सन्दर्भमा जात, जाति, भाषा, धर्म, लिंग, वर्णका आधारमा कुनै पनि बालबालिकाहरुलाई विभेद गरिने छैन । खास बालबालिकालाई मात्र प्रोत्साहन गर्ने गरि भेदभावपूर्ण माया तथा प्रोत्साहन गरिने छैन ।

५.४ बालबालिकाहरुसंग कार्य गर्ने सन्दर्भमा कुराकानी गर्दा उनीहरुले स्पष्ट बुझ्ने भाषा तथा तरिका अपनाइने छ ।

५.५ बालबालिकालाई होच्याउने, अपमानहुने, हिनता बोध हुने तथा उनीहरुको मनोवल गिराउने खालका भाषा वा शब्दको प्रयोग गरिने छैन यदि कहि कतै बाट त्यस्ता कार्य भए गरिएमा त्यसका प्रतिवाद गर्न सजग भइने छ ।

५.६ यौन उत्तेजक श्रव्य दृष्य सामाग्रीको प्रयोग गरिदैन, अनावश्यक रुपमा बाल बालिकासंग एकान्तमा बसिदैन, आवश्यक पर्दा सम्बन्धित व्यक्तीको सुपरभाइजरको अनुमति लिइएको हुनेछ ।

५.७ आर्थिक, भौतिक प्रलोभन तथा दवाव पूर्ण वातावरण निर्माण गरी बाल बालिकाबाट अनावश्यक लाभ लिइदैन ।

५.८ बाल बालिकालाई धुम्रपान, मद्यपान तथा लागु पदार्थ सेवन गर्न, कानून विरुद्धको कार्य गर्न तथा जोखिम जन्य कार्य गर्न प्ररित गरिदैन ।

५.९ अस्लिल शव्दको प्रयोग, अनावश्यक रुपमा शरीर छुवाइ, भावनामा चोट पुग्ने, झुटो कुरा गर्ने जस्ता र छलकपट पूर्ण बाल संरक्षणमा खलल पुग्ने व्यवहारहरु गरिदैन । १८ वर्ष भन्दा मुनिको कसैसंग पनि, स्थानीय रुपमा परिपक्वता, सहमतिको उमेर वा चलन जे भए पनि कुनै पनि प्रकारको यौनजन्य कार्यमा सम्लग्न हुन पाइदैन ।

५.१० बाल बालिकाको सामाजिक वेइज्यत हुने तथा यातना जन्य व्यवहार गरिदैन । बाल बालिकाको गोपानियता प्रति सजग भइने छ ।

५.११ बाल यौन दुर्व्यवहार, यौन शोषण, श्रम शोषण जस्ता दुर्व्यवहार तथा शोषण युक्त व्यवहार गरिदैन । बाल विकासलाई योगदान पुग्ने गरी जीवन उपयोगी सीप विकासका लागि उपयुक्त वातावरण निर्माणका लागि योगदान पुरयाइने छ ।

५.१२ बाल बालिका वा उनका अभिभावकको अनुमति वेगर उनका फोटो तथा घटना अध्यायन निर्माण गरी सार्वजनिक गरिदैन ।

५.१३ कार्य स्थल, समाज तथा छिमेकमा भएका बाल बालिकाको बाल संरक्षण हुन नसकिरहेका घटनाहरुलाई बाहिर ल्याउन सम्बन्धित सवै लाई प्रोत्साहन गरिने छ । साथै बाल अधिकारको प्रवर्धन तथा व्यवहारमा लागु गराउन पहल गरिने छ ।

५.१४ बालअधिकार सवैको सरोकार भन्ने भावनालाई जन चासोको विषय बनाई बालअधिकारको संरक्षण, प्रवर्धन तथा बाल सहभागितालाई अझ ब्यापक बनाउदै संस्थाले संचालन गर्ने विभिन्न क्रियाकलापहरुमा उनीहरुको सक्रिय सहभागिताका लागि प्रोत्साहन गरिने छ ।

५.१५ बालबालिकाको आवाजको सुनुवाई गर्ने तथा उनीहरु प्रति हुने कुनै पनि किसिमका हिंसा विरुद्ध आवाज उठाउनका लागि प्रोत्साहन गर्ने तथा बाल अधिकारको पक्षमा रही सशक्त बहस तथा पैरवि गर्ने वातावरण निर्माण गरिएको हुनेछ । बालबालिकाहरुलाई बाल अधिकारका बारेमा प्रस्ट्याउदै उनीहरुलाई शसक्त पार्दै लागिने छ ।

५.१६ बालबालिकाको प्रयोग गरि कानुनी विपरित वा कानुनले निषेध गरेका क्रियाकलाप गर्ने गराउने कार्य प्रति हामी आपत्ति प्रकट गर्दछौ । निषेधित क्रियाकलाप भएको जानकारी भएमा उचित कानूनि उपचारको लागि तुरुन्त पहल गरिन्छ ।

## ६. रिकोडले निम्न कुराहरु प्रति सजग रही कार्यान्वयन गर्न अनिवार्य ठान्दछः

६.१ जोखिम हुन सक्ने परिस्थितिको बारेमा सचेत भइ त्यस्ता जोखिमलाई व्यवस्थापन गर्ने

६.२ आफ्नो् काम र काम गर्ने ठाउँलाई जोखिम न्यूनिकरण गर्ने प्रकारले योजना र व्यवस्थापन गर्ने

६.३ एउटा खुल्ला संस्कृतिको सुनिश्चितता साथ बालबालिकासंग काम गर्दा सकेसम्म सार्वजनिक स्थल छनौट गर्ने ।

६.४कुनै पनि सवाल वा चासोलाई उठाउन र छलफल गर्न सकिने किसिमको वातावरण निर्माण गर्ने ।

६.५ कर्मचारीमा जवाफदेहिताको भावनाको सुनिश्चितता गराउने ताकि निम्नस्तरका व्यवहार वा सम्भावित दुर्व्यवहारजन्य व्यवहारहरु चुनौतिविहिन प्रकारले नछोडिऊन् ।

६.६ कर्मचारीसंगको सम्पर्क/सम्बन्धका बारेमा बालबालिकासंग कुराकानी गर्ने र कुनै समस्या/चासो भए उठाउन प्रेरित गर्ने

६.७ बालबालिकालाई सशक्त बनाउनेः उनीहरुको अधिकारको बारेमा छलफल गर्ने, के स्वीकार्य हो र के अस्वीकार्य हो साथै कुनै समस्या भएमा उनीहरुले के गर्न सक्छन् बताउने

६.८ उच्च व्यक्तिगत र व्यावसायिक स्तर कायम राख्ने

६.९ बालबालिकाका अधिकारको सम्मान गर्ने, उनीहरुलाई उचित तवरले, इमान्दारीपूर्वक तथा सम्मानका साथ व्यवहार गर्ने

६.१० बालबालिकालाई सहभागितामूलक अभ्यासका लागि प्रोत्साहित गर्ने जसले उनीहरुको आफ्नै संरक्षण क्षमतालाई बढाउँछ ।

**७.आचार संहिता कार्यन्वयन प्रक्रिया**

**७.१ प्रचार प्रसार र सचेतना जागरण**

क। बालसंरक्षण नीति, आचारसंहिता र स्थानीय प्रक्रियाहरु संस्थाका सबै कर्मचारीहरु, अन्य प्रतिनिधिहरु, साझेदार संस्थाका कर्मचारीहरु सबैलाई सहजै यस सम्बन्धि नीति तथा व्यवस्थाबारे जानकारी उपलब्ध गराइनु पर्छ ।

ख. यसरी उपलब्ध गराउँदा उक्त बालसंरक्षण नीति तथा आचारसंहिता सबैले बुझ्ने कुराको सुनिश्चितता गराउने गरी आवश्यक सहयोग पुऱ्याउनु पर्छ, ।

ग. रिकोड संग (अन) अनौपचारीक हैसियतमा सहकार्य गर्ने साझेदारहरुलाई पनि संरक्षण नीति विकास गरी लागु गर्न वा यसमा व्यवस्था भएका प्रवधानहरुको लागु गर्न प्रोत्साहन गरिने छ ।

**घ)** भर्ना तथा छनौटः कर्मचारी तथा अन्यको भर्ना तथा छनौटमा सम्बन्धित व्यक्ती तथा निकायमा बालबालिकालाई संरक्षण गर्ने प्रतिबद्धता झल्कनु पर्दछ।

ङ) छनौटमा सफल भएका उम्मेदवार वा साझेदारलाई यस नीति, प्रक्रिया र आचारसंहिताको आधारभूत र बाध्यकारी प्रकृतिको बारेमा जानकारी गराइनुका साथै यसको व्यक्तिगत र व्यावसायिक जीवनको दुवै पाटामा उतिकै रुपमा लागु हुने यथार्थको समेत जानकारी गराइनु पर्छ ।

**८.बाल संरक्षणका लागि सूचना तथा उजुरी प्रबाह प्रणाली**

८.१ सस्थाको आन्तरिक प्रणालीः

सामान्यतः सस्थाको जिम्मेवारी बाँडफाँड र हस्तान्तरण संरचना अनुसार सम्बन्धित क्षेत्रका सम्बन्धित जिम्मेवार कर्मचारी, प्रतिनिधि वा कर्मचारीले आचार संहिता मुताविक कार्य भएको एकिन गर्ने छन र आवश्यकता अनुसार दण्ड सजाएको लागि सिफारिस गर्ने छन । तोकिएको क्षेत्रको जिम्मेवार व्यक्ती बाट नै बाल संरक्षण आचार संहिता पालना नभएको अवस्थामा जो कहिले पनि नीजको लाइन म्यानेजर वा सुपरभाइजर लाई लिखित (अनुसुचि १ को ढाँचामा) वा मौखिक उजुरी दिन सक्ने छ । यस्ता उजुरी कुनै पनि माध्यमबाट कार्यक्रम संयोजक (प्रमुख) वा कार्य समितिको अध्यक्ष समक्ष उपलब्ध गराइने छ । अध्यक्षबाट समेत आचार संहिता हनन भएको अवस्थामा कार्य कारीणी समितिका कुनै पनि पदाधिकारी समक्ष उजुरी जाहेर गर्न सकिने छ । प्राप्त उजुरीको गाम्भिर्यतालाई हेरी कर्मचारी सेवा नियमावली अनुसार बाल संरक्षण आचार संहितालाई प्राथमिकता दिएर आरोपित व्यक्तीलाई तत्काल निलम्बन गरी वा नगरी प्रशासकिय कार्वाही गरिने छ ।

८.२ सस्थाको बाहिरको प्रणालीः

सस्था परिधिमा रही कार्य गर्ने कर्मचारी, सदस्य, पदाधिकारी, सल्लाहकार तथा कन्सल्टेन्टलाई सस्थागत नीति बमोजिम कारवाही गरी निश्कर्षमा पुग्न प्रेरित गरिन्छ । यद्यपि, बाल अधिकार

हनन विरुद्धका घटनाहरुको नियन्त्रण गर्ने कार्य एकल प्रयास बाट मात्र पुरा नहुन सक्ने, सस्थाको कार्य क्षेत्र भन्दा बाहिरका मुद्धाहरुमा यस सस्थाले नियमित रुपमा अनुगमन र निरन्तर प्रयत्न पनि गर्ने नसकिने अवस्था विद्यमान छ । यस अवस्थमा निधारित खाकामा बाल संरक्षण तथा बाल अधिकार विरुद्ध भएका घटनालाई जिल्ला बाल कल्याण समिति, अनौपचारिक सेवा केन्द्र ( इन्सेक), बार एशोसिएसन, मानव अधिकार आयोग लगाएतका बाल अधिकार तथा मानव अधिकारका पक्षमा कार्यरत निकायहरुमा उपयुक्तता अनुसार सूचना प्रवाह गरी बाल सरक्षणका लागि प्रहल गरिने छ ।

## ९. बाधा अड्काउ फुकाउ

यस बाल संरक्षण नीतिको कार्यान्वयन गर्ने सन्दर्भमा कुनै बाधा अड्काउ आइपरेमा सस्थाको कार्य समितिले बाल अधिकार सम्बर्धन र प्रवर्द्धन सम्बन्धि प्रचलित ऐन नियमहरुको अधिनमा रही त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## १०. नीति कार्यान्वयन र संसोधन

कर्मचारी वा सस्थाका जो सुकै सदस्यहरुले यस नीति संसोधनका लागि प्रस्ताव गर्न सक्ने छन। कार्यक्रम व्यवस्थापन समितिको सिफारिसलाई प्राथमिकता दिइ कार्य समितिले  पारित गरेको मिति देखि लागु हुने गरी यस बाल संरक्षण नीतिलाई आवश्कतानुसार थपघट वा संशोधन गरी लागु गर्न सक्ने छ । संसोधित नीतिलाई नीयमित साधारण सभा बाट पारित गर्नु पर्नेछ।

**रिकोडको बाल संरक्षण नीति : पारित मिति चैत्र ११, २०६८**

अनुसुचि १

उजुरी गर्ने ढांचा

१। जाहेरी पत्रः
- घटनाको मिति, स्थान र समयका बारेमा जानकारी
- समस्याको कथन,
- समस्या परेको व्यक्ती,
- जानकारी पाउने व्यक्ती,
- सम्बन्धित आफन्त वा अन्य कूनै व्यक्ती, स्थान

२। समस्या परेको व्यक्ती, जानकारी पाउने व्यक्ती, आफन्त वा अन्य कूनै व्यक्ती को कथान

३। साछी रहेका व्यक्तीको कथन, रिपोर्ट

४। समस्यामा परेको व्यक्तीको डाक्टरी जांच रिपोर्ट
- रगत वा विर्य जांच, कपाल, छाला, डिएनए जांच

५। अधिकारीक व्यक्तीको प्रतिवेदन वा कथन

६। दोषीको रगत जांच

७। घटनास्थाल प्रकिति मूचूल्काको रिपोर्ट, जसमा घटना घटेको हो भन्ने प्रमाण रहन्छ ।

८। घटना घटदाका समयका अघि वा पछि सम्बन्धित व्यक्ती रहेको अवस्थाका बारेमा जानकारी

९। मनोबैज्ञानिकको प्रतिवेदन, यो प्रतिवेदन सहयोगी दस्तावेजको रुपमा रहन्छ ।

नोटः उल्लेखित बुदाहरु सहयोगी जानकारीका लागि मात्र हो । उलेखित कुरा खुल्ने गरी जस्तै ढाचामा पनि उजुरी दिन सकिन्छ, सवै अवस्थामा लिखित उजुरी अनिवार्य मानिदैन ।